# फर्म सूची दर्ता गराउने बारेको सूचना
## प्रकाशित मितिः २०७५/०२/२५

यस बुटवल पावर कम्पनीको लागि आ.व. २०७५/०७६ मा आवश्यक पर्ने तपसिलका सामान तथा सेवाहरु पटक पटक गरी कोटेशन मार्फत खरीद गर्नको लागि आपूर्तीकर्ताहरुको सूची सूचीकृत गर्नु पर्ने भएकोले आपूर्ती गर्न इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले तपशीलमा उल्लेखीत कागजातहरु समावेश गरी फर्मको नाम, ठेगाना प्रष्ट खुलाई मिति २०७५/०३/२० भित्र यस कम्पनीको केन्द्रीय कार्यालय बुद्धनगर तथा बुटवल क्षेत्र आसपासका आपूर्तीकर्ताहरुको हकमा शाखा कार्यालय बुटवलमा सूचीकृतको लागि सप्लायर्स रजिष्ट्रेसन फम (Suppliers Registration Form) सहित निवेदन दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सप्लायर्स रजिष्ट्रेसन फर्म यस कम्पनीको खरिद महाशाखा काठमाण्डौ, शाखा कार्यालय बुटवल तथा Website बाट Download गर्न सकिने छ ।

### पेशगर्नुपर्ने कागजातहरु

| | |
|---|---|
| १. फर्म दर्ताको प्रमाणपत्र एवं कारोबार क्षेत्र ।<br>२. VAT/ PAN मा दर्ता भएको प्रमाण पत्र ।<br>३ वार्षिक रुपमा कर दाखिला विवरण बुझाएको प्रमाण । | ४. कुनै उत्पादनको अधिकृत डिलर एवं वितरक भए सो को म्याद कायम रहेको प्रमाण पत्र ।<br>५. विगत वर्षहरुमा काम गरेको अनुभव (Supply Certificate) एवं सम्बन्धित क्षेत्रमा विशेषज्ञता कुनै भए । |

### आपूर्ती गर्नुपर्ने सामानको विवरण

| | |
|---|---|
| १. विद्युतिय समान तथा उपकरणहरु (ट्रान्सफरमर समेत)<br>२. टेलिस्कोपिक पोल तथा फिटिङ्गहरु<br>३. ए.सी.एस.आर. कन्डकटर तथा केवलहरु<br>४.पावर प्लान्टमा प्रयोग हुने इलेक्ट्रोमेकानिकल उपकरण तथा सो मा प्रयोग हुने स्पेयर पार्टसहरु ।<br>५.छपाई सम्बन्धी कार्य (डिजाइनिङ तथा प्रिन्टिङ)<br>६. कम्प्युटर, प्रिन्टर एवं सोका पार्टपुर्जाहरु | ७. स्टेशनरी सामान तथा टोनर कार्टिजहरु<br>८. Gabion Wire/Gabion Box Supply<br>९. Custom Clearing Agents<br>१०.सरसफाई गर्ने संस्थाहरु<br>११. सुरक्षा प्रदान गर्ने सेक्युरिटी कम्पनी |

माथि उल्लेखित एक वा एक भन्दा बढी सामानहरुको लागि कारोवार गर्ने गरी एउटै फर्मको सूची दर्ता हुन आएमा त्यस्ता फर्महरुको छनौट गर्दा कारोवारको कार्य क्षेत्र हेरी ग्राह्य ठहरिएका फर्महरुलाई मात्र सूचिकृत गरिनेछ । प्राप्त हुन आएको कागजातका आधारमा मूल्याँकन गरि योग्य ठहरिएका फर्महरु मात्र सूचीकृत गरीनेछ ।

खरीद महाशाखा
बुटवल पावर कम्पनी लिमिटेड
केन्द्रीय कार्यालय, बुद्धनगर, काठमाण्डौ
फोन नं. ४७८१७७६
URL: www.bpc.com.np

शाखा कार्यालय
बुटवल
फोन नं. ०७१-५४०८०९